नेपाल सरकार
सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौ
(सुशासन प्रवर्द्धन शाखा)

फोन ४२००३०९, ४२००२८१

पत्र संख्याः- सुशा: ०६२/०६३
चलानी नं.:- ३०९

मिति २०७२/११/१७

**विषयः- निर्णय कार्यान्वयन सम्वन्धमा ।**

**श्री महा/उपमहा/नगरपालिकाको कार्यालय (सवै)**

श्री अख्तियार दुरुपयोग अनुसन्धान आयोग, अनुसन्धान महाशाखा नं. ७ को मिति २०७२।११।१३ को च. नं १७५० को पत्र यसै साथ संलग्न छ । पत्रवाट व्यहोरा अवगत गर्नु भई नगरपालिकाको कार्यालयवाट सम्पादन गर्ने काम कारवाही सोही निर्देशानुसार गर्नु/गराउनुहुन निर्देशानुसार अनुरोध छ ।

**बोधार्थ**
श्री सुचना तथा विद्युतिय शासन शाखा
वेभसाईटमा upload गरिदिनुहुन ।

..........................
(दिपेन्द्र रेग्मी)
शाखा अधिकृत

☎ : ४४४०१०२, ४४३२७०८
: ४४४०१५१ (एक्सचेन्ज)
टोलफ्रि नं. : १६६०-०१-२२२३३
फ्याक्स : ४४४०१२८, ४४४०१०४
E-mail : akhtiyar@ntc.net.np

# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

अनुसन्धान महाशाखा नं. ७

पत्र संख्या :- ७-०७२/७३
चलानी नं. :- १६८०

मितिः-२०७२/११/१३

विषय :- आवश्यक कारवाहीका लागि निर्णयको प्रतिलिपि पठाईएको ।

श्री काठमाडौं महानगरपालिका कार्यालय,
बागदरबार, काठमाडौं ।
श्री काठमाडौं उपत्यका विकास प्राधिकरण कार्यालय,
अनामनगर, काठमाडौं ।
श्री ललितपुर उपमहानगरपालिका कार्यालय
पुल्चोक, ललितपुर ।
श्री भक्तपुर नगरपालिका कार्यालय,
व्यासी, भक्तपुर ।

उपरोक्त सम्बन्धमा मिति २०७२/११/०६ गतेका दिन आयोगमा माननीय आयुक्तज्यूहरुको समुपस्थितिमा काठमाडौं महानगरपालिका, काठमाडौं उपत्यका विकास प्राधिकरण, ललितपुर उपमहानगरपालिका र भक्तपुर नगरपालिकासंग सम्बन्धित उजुरीहरु, गुनासा, समस्या तथा समाधानका विषयहरुका सम्बन्धमा छलफल, अन्तर्क्रिया तथा प्रस्तुति गरी भएका निर्णयहरुको प्रतिलिपि पाना २ (दुई) आवश्यक कारवाहीका लागि यसैसाथ संलग्न गरी पठाईएको व्यहोरा निर्देशानुसार अनुरोध छ ।

..........................
(रामप्रसाद शर्मा)
शाखा अधिकृत

बोधार्थ तथा कार्यार्थ
श्री संघिय मामिला तथा स्थानिय विकास मन्त्रालय,
सिंहदरवार, काठमाडौं ।

काठमाडौं महानगरपालिकाका कार्यकारी अधिकृत रुद्रसिंह तामाङ्ग, काठमाडौं उपत्यका विकास प्राधिकरणका आयुक्त डा. भाइकाजी तिवारी, ललितपुर उप-महानगरपालिकाका कार्यकारी अधिकृत भरतमणी पाण्डे र भक्तपुर न.पा.का. नि. कार्यकारी अधिकृत कमला घिमिरेले आ-आफ्नो कार्यालयवाट गरिएका कामकारवाही, कार्यालयको बजेट, कर्मचारी, कार्यालयले सञ्चालन गरेका नयाँ कार्यक्रम तथा योजनाहरु, देखापरेका समस्याहरु र ती समस्याहरु समाधान गर्न गर्नुपर्ने उपायहरुका बारेमा आ-आफ्नो कार्यालयको तर्फवाट प्रस्तुतीकरण गर्नुभयो। कार्यक्रममा विशेष आमन्त्रित संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयका सचिव श्री माधव प्रसाद रेग्मीले यो कार्यक्रम अत्यन्तै फलदायी भएको, आगामी दिनहरुमा अन्य थप निकायहरुबाट पनि यस किसीमको प्रस्तुतीकरण एवम छलफल गर्न उपयुक्त हुने भनाई राख्नु भयो । आयोगका मा. आयुक्तहरु श्री दीप बस्न्यात, श्री नवीनकुमार घिमिरे र श्री गणेशराज जोशीले आयोगको तर्फबाट प्रस्तुतकर्ता एवं छलफलमा सहभागीहरुलाई देहाय बमोजिमका सुझावहरु दिनु भयो ।

निर्णयहरु:-

१. स्थानीय निकायहरुले आ-आफ्नो क्षेत्रभित्र सकेसम्म हरियाली तथा सौर्य उर्जा प्रवर्द्धन गर्ने प्रकृतिका कार्यक्रमहरुमा जोड दिने।

२. हालै ल्याइएको भवन संहिताले निर्धारण गरेको सर्तहरुबाट सर्वसाधारणलाईभवन निर्माणमा परेको कठिनाई, जग्गा कित्ताकाटको न्यूनतम हद र भवन संहिता बीचको असामञ्जस्यता र बाटोको मापदण्ड व्यवहारिक नभएको भन्ने गुनासोका सन्दर्भमा यसको असर र प्रभाव बारे अध्ययन र विश्लेषण गरी संहिताको पुनरावलोकन गर्नु न्यायोचित हुने।

३. सडक र खानेपानीसंग सम्बन्धित निकायहरु र उपत्यका विकास प्राधिकरणबाट सम्पादन गरिने कामकारवाहीमा दोहोरोपना देखिएकोले सो हुन नदिनका लागि ती निकायहरुका बीच आवश्यक समन्वयका लागि संयन्त्र निर्माण गरि कार्य सञ्चालन गर्ने।

४. नगरपालिकामा वडा सचिव र गा.वि.स. सचिवहरुलाई जिम्मेवार बनाउने, गा.वि.स. सचिवहरु रिक्त रहेको गा.वि.स.हरुमा यथाशीघ्र गा.वि.स. सचिव पदपूर्ति गर्ने व्यवस्था मिलाउने

५. सार्वजनिक बाटो, जग्गा अतिक्रमण तथा मापदण्ड विपरित बनाइएका घरहरुको उजुरी व्यवस्थापन र कार्यान्वयनको दायित्व सम्बन्धित स्थानीय निकायहरुकै भएकोले आयोगमा पर्ने यस्ता प्रकृतीका उजुरीहरुको चाप घटाउन स्थानीय निकायहरुले आ-आफ्नो कामकारवाही र अनुगमन चुस्त, दुरुस्त र प्रभावकारी बनाउने।

६. स्थानीय निकायहरुले वितरण गर्ने गरेको चन्दा पुरस्कार लगायतका आर्थिक सहायता वितरणमा मितव्ययिता एंव पारदर्शीता ल्याउने र सो रकमहरु दुरुपयोग हुन नदिन कार्यविधि एंव मापदण्ड निर्माण गरेर मात्र वितरण गर्ने व्यवस्था मिलाउने।